वर्ष १। २०८२ पौष। अङ्क १

# स्वरोजगार सन्देश

उद्यमी बन्ने ईच्छाको उपाय

## स्वरोजगार कोषको लक्ष्य र दृष्टि

- व्यवसायिकखेती तथा पशुपंक्षीपालन, कृषि, वनजन्य तथा खानीउद्योग र बहुमूल्य पत्थरउद्योगलगायतका विषयमा तालिम प्रदान गर्ने,
- शहर र बजारक्षेत्रमा रिक्सा, ठेलागाडा सेवा सञ्चालन तथा प्लम्बिङसेवा र ईलेक्ट्रोनिक्स सामानको मर्मतसम्भारजस्ता साना तथा घरेलुव्यवसाय एवम् पसल सञ्चालनलगायतका सेवामूलक स्वरोजगारकार्यक्रमको लागि ऋण उपलब्ध गराउने,
- परम्परागत सीप भएका सार्की, दमाई, धिमाल, राजवंशीसमेतलाई ऋण लगानी गर्ने,
- द्वन्द्वपीडित, अपाङ्ग, वा घाइतेव्यक्ति, बेपत्ता तथा शहीदपरिवार, उत्पीडित तथा महिलालाई ऋण लागनी गर्ने,
- स्वरोजगार कार्यक्रम सञ्चालन गर्न चाहने बेरोजगारहरूलई तालिम प्रदान गर्ने,
- स्थानीय कच्चापदार्थ र सीपमुलक परियोजना र जुन क्षेत्रमा उत्पादन हुने हो सोही क्षेत्रमा खपत हुने परियोजनालाई विशेषप्राथमिकता दिनेसम्बन्धी कार्य गर्ने,
- एक गाँउ एक उत्पादनसम्बन्धी परियोजनामा लगानी गर्ने,
- बैङ्क, वित्तीय तथा सहकारीसंस्थामार्फत् स्वरोजगारकार्यक्रममा लगानी गर्न स्थानीयस्तरमा साझेदारीकार्यक्रम तथा सहयोगीसंस्थाहरूको संयन्त्र निर्माण गर्ने
- वैदेशिकरोजगारीबाट फर्केका युवाहरूलाई उनीहरूले सिकेको सीपको आधारमा कर्जा प्रवाह गर्ने ।

## यसभित्र....


- माननीय मन्त्रीज्यूबाट शुभकामना सन्देश – २
- उपाध्यज्यूबाट शुभकामना सन्देश – ३
- उपाध्यज्यूको अन्तर्वार्ता – ४
- श्रीमान सचिवज्यूको आलेख – ७
- युवा मन्त्रालयको नेतृत्वमा युवा दुईमन्त्री – १२
- नेपालको अर्थतन्त्र र जनसांख्किलाभ – १३
- गाउँमै स्वरोजगार बनौं – १६
- बेरोजगार, रोजगार र स्वरोजगार – १७
- स्वरोजगार कोषले बाँडयो अनुदानसम्बन्धी रकम – २०
- स्वरोजगार कोषबाट अनुगमन सम्पन्न – २१

# माननीय युवा तथा खेलकुदमन्त्री श्री बब्लु गुप्ताज्यूबाट शुभकामना सन्देश

नेपाल सरकार

**युवा तथा खेलकुद मन्त्रालय**

सिंहदरबार, काठमाडौं ।

सम्पर्क : ४२००५३९
फ्याक्स : +९७७-१-४२००५५२
वेबसाइट : https://moys.gov.np

बब्लु गुप्ता
मन्त्री

पत्र संख्या : ०८२।८३
चलानी नं : ५५१

मिति २०८२/९/२०
ने.सं ११४६

**शुभकामना सन्देश**

देशको समृद्धि र समावेशी विकासको मुख्य आधार युवाशक्ति हो। नेपालका युवाहरूमा अपार सम्भावना, सिर्जनशीलता र उद्यमशीलताको क्षमता छ। यही क्षमतालाई व्यवहारमा उतारी आत्मनिर्भर राष्ट्र निर्माण तर्फ अग्रसर गराउने उद्देश्यले "युवा तथा साना व्यवसायी स्वरोजगार कोष" मार्फत् सञ्चालनमा ल्याइएको स्वरोजगार कार्यक्रमले युवाहरूलाई आत्मनिर्भर हुने अवसर प्रदान गरेको छ।

यस कार्यक्रमको मुख्य लक्ष्य बेरोजगार तथा अल्परोजगार युवाहरूलाई व्यावसायिक सीप, उद्यमशील सोच र आर्थिक पहुँच उपलब्ध गराई स्वरोजगारमार्फत् आत्मनिर्भर बनाउनु हो। बिना धितो सहुलियतपूर्ण ऋण, निःशुल्क व्यावसायिक तालिम, ६० प्रतिशतसम्म व्याज अनुदान, बीमा सुविधा तथा निरन्तर प्राविधिक सहयोग जस्ता आकर्षक व्यवस्थाले यस्ता कार्यक्रम अझ प्रभावकारी र विश्वसनीय बनाएको छ। आफैंले रोजगारी सिर्जना गर्ने सोच लिएर अघि बढ्नु आजको आवश्यकता हो। तपाईंको सानो प्रयास, नयाँ योजना र दृढ सङ्कल्पले मात्र तपाईंको जीवनमात्र होईन, समाज र राष्ट्रको भविष्यसमेत उज्ज्वल बनाउन सक्छ।

देशका गाउँदेखि शहरसम्म कृषि, पशुपालन, पर्यटन, हस्तकला, प्रविधि, सेवा तथा साना उद्योगका अपार सम्भावनाहरू छन्। यी क्षेत्रहरूमा नवप्रवर्तनसहित युवा उद्यमशीलताको विकास गर्नु हाम्रो साझा दायित्व हो। युवा स्वरोजगार कोषको यो कार्यक्रमले युवाहरूको व्यावसायिक सपना साकार पार्न आवश्यक मार्गदर्शन र स्रोत प्रदान गर्नेछ भन्नेमा म विश्वस्त छु।

म सम्पूर्ण इच्छुक युवाहरूलाई युवा तथा साना व्यवसायी स्वरोजगार कोषमार्फत् आवेदन प्रक्रिया पूरा गरी यस कार्यक्रममा सहभागी हुन अनुरोध गर्दछु। पारदर्शी, समावेशी र समान पहुँचको आधारमा योग्य युवाहरू छनोट गरिने भएकाले तपाईंको भविष्य सुरक्षित र सुनिश्चित हुनेछ। यस अवसरमा म सम्पूर्ण सहभागी युवाहरूलाई उज्ज्वल भविष्य, सफल उद्यम तथा आत्मनिर्भर जीवनको यात्रामा हार्दिक शुभकामना व्यक्त गर्दछु। तपाईंहरूको सफलतामा राष्ट्रको समृद्धि निहित छ।

बब्लु गुप्ता
मन्त्री
युवा तथा खेलकुद

# कोषका उपाध्यक्ष अनिलराज पौडेलज्यूबाट शुभकामना सन्देश

नेपाल सरकार
Government of Nepal
युवा तथा खेलकुद मन्त्रालय
Ministry of Youth and Sports

## युवा तथा साना व्यवसायी स्वरोजगार कोष
## Youth and Small Entrepreneur Self-Employment Fund

पत्र सङ्ख्या (Letter No) २०८२/८३
चलानी सङ्ख्या (Ref No)

कोपुण्डोल, (शहीद शुक्रराजशास्त्रीपार्क), ललितपुर ।
Kopundol (Shahid Shukrarajshastri Park), Lalitpur.

### शुभकामना सन्देश

देशमा रोजगारीको सम्भावना र भविष्य नदेखी विदेशिने युवाहरुको संख्या दिनदिनै बढ्दो छ । गाउँवस्तीहरु खाली हुँदै छन्, जग्गा जमीनहरु बाँझा छन्, गाउँमा मेलापाता गर्ने मानिस पाईंदैनन, मलामी जाने मानिसहरु समेत पाईन छाडेको अवस्था छ । यो तीतो यथार्थ हो । तसर्थ देशमै केही गरौं भन्ने युवाहरुलाई सुलभकर्जा उपलब्ध गराई उघमी बन्न प्रोत्साहन गर्न वि. सं. २०६५ सालमा स्थापित यस कोषले बैंक, वित्तीय तथा सहकारी संस्थामार्फत् कर्जा प्रवाह गर्दै आएको छ । उघमी बन्नको लागी थोरै रकम समेत जुटाउन नसक्ने, धितो नभएको कारण बैक वित्तीय संस्थाबाट कर्जा नपाउने, व्यापार व्यवसायको शुरुवात गर्न व्यक्तिगत रुपमा चक्रवर्ती ब्याज (मीटर ब्याज) मा कर्जा लिन बाध्य भईरहेका युवाहरुलाई विनाधितो सुलभकर्जा उपलब्ध गराउने, व्यवसायीहरुले संचालन गरेको व्यवसाय र व्यवसायीको निःशुल्क बीमा गरिदिने र कोषको मापदण्डभित्र रही नियमित साँवा ब्याज भुक्तानी गर्ने उघमीलाई तिरेको ब्याजको ६०% रकम उसैलाई फिर्ता गर्ने प्रावधान एउटै निकायबाट प्रदान गरिने उदाहरण अन्यत्र देखिँदैन ।

विपन्नवर्गलाई विनाधितो कर्जा प्रवाह गरी युवालाई उघमी बनाउँदै प्रत्यक्ष रुपमा स्वरोजगारका अवसरहरु सिर्जना गर्न स्थानीयस्तरमा रहेको कच्चापदार्थ प्रयोग गरी उघमीले उत्पादन गरेको बस्तुबाट स्थानीय आवश्यकता परिपुर्ति गर्दै आयातलाई प्रतिस्थापन र निर्यातलाई प्रबर्द्धन गरिरहेकोले ग्रामीण अर्थतन्त्रमा समेत उल्लेख योगदान पुयाईरहेको छ । आगामी दिनमा देशको बेरोजगारीसंख्या समाधानमा राज्यलाई सघाउन यो कोषले महत्वपुर्ण भुमिका खेल्नसक्ने भएकाले बेरोजगार युवाको मागको आधारमा तालिम अन्तक्रिया लगानी तथा उघमीले गरेको सेवा तथा वस्तुको बजारीकरणको थप भुमिका खोल्नुपर्ने अवस्था छ । यसको लागी कोषले योजना बनाई अगाडी बढ्ने लक्ष्य लिएको छ ।

कोषले सीधैं व्यक्ति वा समूहमा लगानी गर्ने नियमावलीमा व्यवस्था नभएको हुँदा स्वरोजगार बन्न इच्छुक बेरोजगार युवाहरु र लक्षित समुदायलाई बैंक, वित्तीय संस्थामा वा आफ्नो स्थायी ठेगाना रहेका सहकारी संस्थामा आवद्ध भई सो संस्थामार्फत सुलभऋण लिई फाइदा उठाउन हुन आह्वान गर्दछु । अहिलेको युग डिजिटलको युग भएको हुँदा कोषले प्रदान गर्ने सेवा प्रवाहलाई डिजिटल माध्यमबाट जन समुदाय एवं सरोकारवालाहरुलाई सुसुचित गर्ने उद्देश्यले ईबुलेटिन मासिक रुपमा प्रकाशन गर्न लागिएको जानकारी गराउन पाउँदा अत्यन्त खुशी लागेको छ ।

(अनिलराज पौडेल)
उपाध्यक्ष

फोन नम्बर +९७७-१-४१०२७८२/८८ फ्याक्सः +९७७-१-४१०२७८९/२६७८ Ph. No. +977-1-4102782/88,
Fax +977-1-4102678/2789, E-mail: info@ysef.gov.np, website: www.ysef.gov.np

# कोषका उपाध्यक्षज्यूसँगको अन्तर्वार्ता

**लामो समयदेखि नेतृत्वविहीन रहेको युवा स्वरोजगार कोषमा तपाईं उपाध्यक्ष नियुक्त हुनुभएको छ । कोषको स्थिति पनि अध्ययन गर्नु भयो होला ? के पाउनु भयो अवस्था ?**
– कोषको प्रमुख उद्देश्य भनेको स्वदेशमै केही गरौं भन्ने भावना भएका तर पूँजी नभएका युवाहरुलाई बिनाधितो ऋण दिने, निःशुल्क बीमा गरिदिने र नियमित रकम तिर्ने व्यवसायीलाई व्याज अनुदान दिई स्वरोजगार बन्न अभिप्रेरित गर्नु हो । करिब एक वर्ष कार्यकारी उपाध्यक्षको पद रिक्त रहँदा ऋण लगानी हुन सकेन, जसले गर्दा लगानीसँगै जोडिएका अन्य कार्यक्रमहरु पनि प्रभावित बन्न पुगे । जस्तो लगानी पश्चात हुने पूर्व व्यवसायिक तालिम, बीमा गर्ने जस्ता महत्वपूर्ण कार्यक्रमहरु गर्न सकिएन । ऋण लगानीको अन्तिम स्वीकृति उपाध्यक्षले गर्नुपर्ने नियमावलीमा स्पष्ट व्यवस्था गरिएको हुँदा अरुले गर्न मिल्ने भएन । त्यसैले बाहिरबाट हेर्दा कोषले लगानी नगरेको देखिएको हो । लगानी गर्न हामीसँग रकमको अभाव थिएन । अघिल्लो वर्ष करिब दुई अर्ब रुपियाँ जति लगानी गर्न सकिन्थ्यो जसबाट १० हजार भन्दा बढी स्वरोजगार सिर्जना र करिब त्यहि संख्यामा मौसमी रोजगार सिर्जना हुन्थ्यो । कोषको अवस्थाका बारेमा पहिलेदेखि केही जानकारी थियो । यहाँ आएपछि धेरै बुझ्ने अवसर पाएँ । जस्तो कोषबाट लगानी लगायत अन्य कार्यक्रमहरु हुन नसकेको, मन्त्रालय लगायत सरोकारवाला निकायहरुसँगको सम्बन्ध कमजोर बनेको, शाखाहरुबीच समन्वयको अभाव देखिएको, एक वर्षको अवधिमा एक पटक भन्दा बढी सञ्चालक समितिको बैठक बस्न नसकेको, सरकारबाट कोषलाई प्राप्त हुने बजेट कटौति गरिएको, कोषको औचित्यमाथी प्रश्नहरु उठाइएको पाएँ ।

**कोषको उद्देश्य भनेको युवालाई स्वरोजगार बनाएर देशभित्रै राख्ने, उद्यमी बनाउने हो । त्यसका लागि नीति नियम बनाउने जिम्मेवारी कोषको छ । यो कुरामा विगतमा कोष कत्तिको प्रभावकारी हुँदै आएको पाउनु भयो ?**
– कोष स्थापना भएको धेरै वर्ष भएको छैन, विगतका वर्षहरुमा केही काम नभएको भन्ने होइन । राम्रा काम पनि भएका छन् ।

जस्तो विपन्न वर्ग कोषमार्फत कोषलाई प्राप्त भएको तीन अर्ब ८६ करोड रुपियाँलाई ‘रिभल्विङ फन्ड’को रुपमा प्रयोग गरी करिब १४ अर्ब भन्दा बढी लगानी गरिएको छ जसबाट करिब एक लाख नौ हजार बढी स्वरोजगार र करिब एक लाख अप्रत्यक्ष रोजगार सिर्जना भएका छन् । छोटो अवधिमा यो ठूलो उपलब्धी मान्न सकिन्छ । युवाहरुलाई स्वरोजगार बन्न बिनाधितो लगानी, व्यवसायी र व्यवसायको निःशुल्क बीमा र ६० प्रतिशत व्याज अनुदान कोषको ज्यादै सुन्दर पक्ष हो । कोषको काम कारवाहीलाई थप प्रभावकारी बनाउन आन्तरिक व्यवस्थापनमा

सुधार, ऐन नियम, कार्यविधि र निर्देशिकाहरुको संशोधन एवं नयाँ निर्माण, अनुगमन मोडालिटी, असल ऋणी छनौट निर्देशिका बनाई प्रोत्साहन गर्ने कार्यक्रम अगाडी बढाइँदैछ ।

**आन्तरिक व्यवस्थापनको सुधार भन्नु भयो । के के गर्न खोज्दै हुनुहुन्छ ?**

– मैले भन्न खोजेको कर्मचारी प्रशासन विनियमावलीलाई समयसापेक्ष बनाउने, 'राइट म्यान राइट प्लेस'को सिद्धान्त अपनाउने, दण्ड र पुरस्कार प्रभावकारी बनाउने, पदाधिकारी तथा कर्मचारी आचारसंहिता लागू गर्ने, कर्मचारीहरुलाई प्रोत्साहन गरी कामको 'स्पिड' बढाउने, कोषको कामलाई सहज बनाउन विभिन्न समितिहरु गठन गरिएको, उपलब्ध साधन स्रोतलाई कोषको हितमा अधिकतम् प्रयोग गर्ने लगायतका कामहरुलाई आन्तरिक व्यवस्थापनलाई भन्न खोजेको हुँ ।

**कोषको उद्देश्य र लक्ष्य हासिल गर्ने कुरामा तपाईं आएपछि के कसरी काम गर्नुहुन्छ । योजना के कस्तो छ ? कोषको काम कारवाहीलाई कसरी प्रभावकारी बनाउनु हुन्छ ?**

– कोषको कार्यक्षेत्र देशभर रहेको र लगानी रकमको आकार ठूलो रहेको छ । मैले अघि उल्लेख गरेका विषयहरु पूरा गर्न कामहरुको प्राथमिकीकरण गरी अगाडी बढ्दै छु । राष्ट्रिय योजना आयोगले सोह्रौं योजनाको आ.व. २०८५–८६ सम्ममा स्वरोजगार युवाको संख्या १० लाख पुर्याउने लक्ष्य रहेको छ । लक्ष्य हासिलका लागि सहयोग पुर्याउन यस आ.व.मा ११ हजार स्वरोजगार र १० हजार मौसमी रोजगार सिर्जना गर्नेगरी काम अगाडि बढाइँदै छ । म उपाध्यक्ष नियुक्त भएर आउने बित्तिकै कोषको काम कारवाहीको सम्बन्धमा शाखापिच्छे 'ब्रिफिङ' लिने काम भएको छ । रोकिएका कामहरुको गाँठो फुकाउने, सञ्चालक समितिको बैठक राखी केही महत्वपूर्ण निर्णयहरु भएका छन् । लगानी असूली कार्यविधि संशोधन प्रक्रिया अगाडि बढेको छ । लगानी प्रक्रिया शुरु गर्ने काम भएको छ । तालुक मन्त्रालयसँग सम्बन्ध स्थापित गरिएको र कोषलाई सहज ढंगले अगाडी बढाउन विभिन्न उपसमितिहरु गठन भई कार्य अगाडि बढेकोछ ।

**युवा स्वरोजगार कोषको पैसा राजनीतिक दलका कार्यकर्ताका लागि दुरुपयोग भयो, लक्ष्य र उद्देश्य अनुसार खर्च भएन भन्ने आरोप छ । कर्जा प्रवाहलाई कसरी पारदर्शी, प्रभावकारी र नतिजामुखी बनाउन सकिएला ?**

– म यहाँ आएको भर्खर दुई महिना पुग्न लाग्यो मैले पाएको सूचनाका आधारमा तपाईंले भने जस्तो दुरुपयोग नै भएको भन्ने देखिँदैन । तर, केही लगानीहरुमा प्रश्न उठेका र अनुगमनको पक्ष कमजोर देखिएको छ । मलाई पनि कोषको रकम पर्याप्त मात्रामा लक्षित वर्गमा पुग्न सकेको छैन भन्ने लागेको छ । मेरो अहिलेको मुख्य 'फोकस' भनेको कोषको रकम कसरी लक्षित वर्गसम्म पुर्याउन सकिन्छ ? रकमको सदुपयोग कसरी गर्न सकिन्छ ? बढीभन्दा बढी स्वरोजगार सिर्जना गरी स्वदेशमा नै केही गरौं भन्ने युवाहरुलाई कसरी सुविधा दिएर आकर्षण गर्न सकिन्छ ? भन्ने रहेको छ । समग्रमा भन्नुपर्दा लगानी पारदर्शी ढंगले गरिँदै आएको र प्रभावकारी छ । अझै थप परिष्कृत गर्नुपर्ने छ । हालै राष्ट्रिय योजना आयोगले कोषको लगानी सम्बन्धमा गरेको आन्तरिक मूल्यांकनमा न्यून लगानीबाट युवाहरुले उदाहरणीय कार्य गरेको पाइएको बताएको छ भने सुधार गर्न सुझावहरु पनि दिएको छ । क्षतिको दावी बीमा भुक्तानी र ब्याज अनुदानको भुक्तानी समयमै हुनुपर्ने, प्रतिव्यक्ति दुई लाख लगानीलाई आयोजना हेरी पाँच लाख रुपियाँसम्म पुर्याउनुपर्ने, लगानीको दायरा फराकिलो पार्नुपर्ने र सघन अनुगमन गर्नुपर्ने लगायतका सुझावहरु पेश गरेको बुझिएको छ । हामीले दिएका सुझावहरुलाई कार्यान्वयन गर्ने छौं । कोषको काम कारवाहीको प्रभावकारिता सम्बन्धमा अबको ६ महिनामा तपाईं संचारकर्मी

साथीहरुलाई बोलाएर आज मैले भनेको काम यति गर्न सकें भनेर भन्नेछु ।

**अहिलेसम्म एक लाख नौ हजार भन्दा बढीलाई स्वरोजगार कर्जा प्रवाह गरिएको भनिएको छ । तर कर्जा अशूली र अनुगमनको काम भने फितलो भएको, पछिल्लो समयमा कर्जा प्रवाह पनि हुन नसकेको सुनिन्छ । यो स्थितिलाई कसरी लयमा ल्याउनु हुन्छ ?**

– करिब एक वर्षसम्म उपाध्यक्ष पद रिक्त रहेको कुरा मैले भनिसकें । त्यसैले लगानी नहुँदा थप स्वरोजगार सिर्जना भएन । तर, गत आर्थिक वर्षमा अशूलीमा राम्रो प्रगति देखिएको छ । हामीले एक अर्ब ३१ करोड रुपियाँभन्दा बढी रकम अशूली गर्न सफल भएका छौं । जिल्ला सहजकर्तालाई राम्रोसँग परिचालन गरी सघन अनुगमन गर्न सकेको भए अझ धेरै रकम अशूलउपर गर्न सकिन्थ्यो । लगानी प्रक्रिया अगाडी बढिसकेको छ । अशूली र अनुगमन कार्यलाई बढि प्रभावकारी बनाउन जिल्ला सहजकर्तालाई प्रभावकारी ढंगले परिचालन गरिनेछ र केन्द्रबाट सरोकारवालाहरुसँगको समन्वयमा अनुगमन प्रभावकारी बनाइने छ ।

**गएको आर्थिक बर्षमा स्वरोजगार बनाउन प्रवाह गर्नुपर्ने झण्डै दुई अर्ब रोकिएको समाचार आएको थियो । त्यो पैसा के हुन्छ । यो बर्ष कहिले कसरी सुरु हुन्छ कर्जा प्रवाह ?**

– मैले अघि भनिसकें त्यस आ.व.मा लगानीयोग्य रकम पर्याप्त भएता पनि उपाध्यक्ष समयमा नियुक्त नहुँदा लगानी कार्यक्रम बढ्न सकेन । यस वर्ष हामीले पहिलो किस्ता लगेका तर दोस्रो किस्ता रकम लिन बाँकी रहेका संस्थाहरुमा लगानी प्रक्रिया शुरु गर्न आवश्यक विवरण माग गरेका छौं र गत जेठमा प्रस्ताव आव्हान भएबमोजिम प्राप्त भएका चार सयभन्दा बढी संस्थाबाट प्राप्त फाइलको अध्ययन विश्लेषण गर्ने कार्य भइरहेको छ । दोस्रो किस्ता लिन बाँकी संस्थाहरुमा तिहार लगत्तै र अध्ययन भइरहेका चारसय भन्दा बढी संस्थामा मंसिर महिनाको शुरुदेखि नै लगानी शुरु गर्ने लक्ष्य राखिएको छ ।

**युवाहरुलाई पाँच लाखसम्म विना धितो कर्जा दिने भनिए पनि दिँदा जम्मा डेढ दुई लाख दिने गरिएको छ । यति पैसाले साना उद्योग चलाउन सकिन्छ र ?**

– अधिकतम् दिने ऋणको व्यक्तिगत सीमा पाँच लाख भएता पनि दुई लाखभन्दा बढी लगानी भएको छैन । यसका केही कारण छन् । विनाधितो एकैचोटी ठूलो रकम दिँदा दुरुपयोग हुने सम्भावना रहन्छ । दुईदेखि १५ जनाको समूहमा बढीमा ५० लाख सामूहिक जमानीमा कर्जा लगानी गर्न सकिने व्यवस्था समेत रहेको छ । अहिले लगानी अशूलीसम्बन्धी मापदण्ड संशोधनको प्रक्रिया अगाडि बढेको छ कोषको रकम दुरुपयोग नहुने किसिमले आयोजनाको प्रकृति, आकार, बजार, व्यवसायको निरन्तरता र युवा उद्यमीको पृष्ठभूमि हेरी व्यक्तिगत पाँच लाख रुपियाँसम्म कर्जा लगानी गर्ने विषय सम्बोधन हुन्छ । कोषबाट बिनाधितोमा लिएको सानो रकमले पनि युवाहरुले राम्रो काम गर्न सकेका प्रशस्त उदाहरण छन् । यद्यपी कतिपयले ऋण रकमको अंक थोरै भयो भन्ने गुनासो गर्ने गरेका छन् । यस विषयमा उच्च व्यवस्थापनसँग पर्याप्त छलफल पनि भएको छ । बिनाधितो दिइएको ऋण रकम अंक एकैचोटी हवात्तै बढाउँदा दुरुपयोग हुनसक्ने देखिएकोले अत्यन्त सजग हुनुपर्ने बलियो तर्क रहेको छ ।

**अन्तिममा हरेक बर्ष श्रम बजारमा प्रवेश गर्ने पाँच लाख युवामध्ये एक लाखलाई स्वरोजगार बनाई आत्मनिर्भर बनाउने उद्देश्यले कोष स्थापना भएको । यो एक लाखलाई रोजगारी दिने हैसियत कोषको किन बन्न सकेन ? बनाउन के गर्नुपर्ला ?**

– कोष एक पूर्ण सरकारी निकाय हो र कोषले उद्देश्य हासिल गर्नका लागि आवश्यक पर्ने पूँजी र स्रोत साधन सरकारले

उपलब्ध गराइदिनुपर्छ । देशभित्र पर्याप्त रोजगार सिर्जना हुननसक्दा युवाहरु कामको खोजीमा विदेश पलायन हुने क्रम बढ्दो छ । त्यसैले यसमा राज्य गम्भीर हुन जरुरी छ । वार्षिक पाँच लाख श्रम स्वदेशमै खपत गर्न राज्यका सबै अंगहरु क्रियाशील हुनुपर्यो । यो कोष स्वरोजगार सिर्जनाका लागि सरकारले स्थापना गरेका निकायहरुमध्ये एक हो । कोष एक्लैले सबै काम गर्न सम्भव हुँदैन । कोषले आफ्नो स्रोत साधनले भ्याएसम्म गर्नुपर्ने कामहरु गर्दै आइरहेको छ । कोषबाट वार्षिक एकलाख जनालाई स्वरोजगार बनाउन कार्य गर्ने हो भने प्रतिव्यक्ति कम्तिमा दुई लाख रुपियाँका दरले लगानी गर्न कम्तिमा २० अर्ब रुपियाँ आवश्यक पर्छ । त्यस्तै बीमा खर्च, ब्याज अनुदान, नियमन अनुगमन गर्न पर्याप्त कर्मचारीको व्यवस्था लगायत ठूलो प्रशासनिक खर्च आवश्यक पर्छ । कोषलाई आवश्यक पर्ने साधन स्रोत उपलब्ध गराउने हो भने तपाईंले सोधे अनुसारको काम गर्न कोष सक्षम छ ।

**(साभारः कर्पोरेटनेपाल डटकमबाट ।)**

# आँट, जाँगर र चाहना हुनेहरूका लागिः स्वरोजगार नर्सरी

**डा. हरिप्रसाद लम्साल- सचिव,**

**राष्ट्रपतिको कार्यालय**

**मानिसको निरन्तर मुभ र व्यवहार केवल व्यक्तिगत आवश्यकतामा मात्र सीमित हुँदैनन्। यसको पछाडि सामाजिक, आर्थिक र सांस्कृतिक कारणहरू पनि हुन्छन नै। यीनै कारणले मानिस एक ठाँउबाट अर्को ठाँउमा सर्दछ।**

**विषय प्रवेश**

सम्बत ४० को दशकतिर स्याङ्गा जिल्लाको सुदूर–पूर्वी गाउँको परिवेशलाई फ्याल्स ब्याक गर्दा अहिलेभन्दा धेरै कुरामा फरक देखिन्छ। उतिबेला विद्यालय जानुभन्दा लाहुरे हुनु नै समाजको लागि वास्तविक हिरो बन्नु थियो। विद्यालय त लाहुरे हुने अवसर नपाउँदासम्म समय बिताउने ठाँउ थियो। स्वदेशमा रोजगारीका सिमित अवसर भएको समयमा आयआर्जनको अवसर पाउनु नै ठूलो कुरा थियो। अझ लाहुरेको वर्दीले दिलाउने दिगो आम्दानीले समाजमा नयाँ परिचय दिन्थ्यो। लाहुरे घर फर्कँदा भरियालाइ बोकाएर ल्याउने सामानको महत्व अर्कै हुन्थ्यो। लाहुरे हुन नसक्नेहरूमा दैवले नै ठगेको हो कि जस्तो बुझाइ देखिन्थ्यो।

लाहुरे व्यक्ति समान भए पनि उनीहरूलाइ समाजले दिने हैसियत एकैनासको हुन्थेन, फरक फरक हुन्थ्यो। भारतीय सेना, ब्रिटीश सेना वा सिङ्गापुर पुलिसमा भर्ती हुनेहरूले उच्च हैसियत पाउँथे भने अन्य पेशामा लाहुरे भएकाहरूको हैसियत अर्को खालको हुन्थ्यो। लाहुरेहरू के कस्ता काम गर्थे भन्नेमा धेरैको खासै चासो हुन्थेन। हुन त लाहुरेका पनि दुख थिए होलान। लाहुरेका मुखबाट सुनेका कुराहरूमध्ये कति रोमान्चकारी हुन्थे भने कति चाँहि दुखदायी पनि हुन्थे नै। तापनि सुन्नेले त रोमान्चकारी कथामात्र सुनिदिए पुग्थ्यो। भन्नेको दुखमा एकैछिन सम्हालिए पुग्ने भयो। उनीहरूका दुख कति थिए भन्ने त उनै लाहुरेहरूले नै अनुभव गरेका थिए होलान।

**विदेशिने ट्रेण्ड र कारण**

माथिको घटना पुरानो भयो तर त्यसको सार अहिले पनि हाम्रो समाजमा यथावत छ। सम्बत ४० को दशकभन्दा अघि शुरू भएको नेपाली समाजको विदेशिने मोह अहिलेसम्म पनि

बदलिएको छैन। जाने मुलुक र दायरा अझ बढ्दै गएको छ। गर्ने काम बदलिएको छ। मुलुकको अर्थतन्त्रमा गर्ने योगदान बदलिएको छ। सिमित सङ्ख्यमा विदेशिने प्रवृत्तीबाट सम्बत ५०को दशकबाट विदेशिने प्रवृत्ती आम मासमा पुगेको देखिन्छ। मुलुकबाट बाहिरिने बढ्दो प्रवृत्तिले समाज, अर्थतन्त्र र जनशक्तिमा दीर्घकालीन प्रभाव पार्न सक्छ। यस्तो प्रभाव सकारात्मकभन्दा नकारात्मक हुने सम्भावना अधिक हुन्छ नै।

मुलुक बाहिरिने हरेक व्यक्तिका आफ्नै परिस्थित र कारण हुनसक्छन्। तापनि यसरी बाहिरिनेहरूलाई मोटामोटी पाँच समूहमा वर्गीकृत गर्न सकिन्छः कामको खोजिमा जाने, अध्ययनका लागि जाने, काम र अध्ययन दुवैका लागि जाने, रहर वा व्यक्तिगत चाहनाले जाने, र घुमफिर वा विदा मनाउन जाने। बाहिरिनेमध्येका केहिको बाध्यता हुनसक्ला भने केहि रहरले पनि मुलुक छोडिरहेका हुनसक्छन्। यसरी ‘बाध्यता’ र ‘रोजाइ’ दुवैले विदेशिने लहरलाई चलायमान बनाइरहेका छन्।

बाध्यता वा रहर जुनसुकै कारणले भए पनि मानिस विदेशिनुका पछाडि विभिन्न कारणहरू हुनसक्छन्। यीनै कारणहरूको अध्ययनले मानिस किन मुभ भइरहन्छ वा किन चलायमान हुन्छ भन्ने प्रश्नको उत्तर खोतल्न सहयोग गर्छन।

हरेक व्यक्तिसँग आफ्नै जीवनको लक्ष्य हुन्छः स्वस्थ र सुखी जीवन बिताउने। यसअन्तर्गत परिवारको भविष्य, सन्तानको शिक्षा, स्वास्थ उपचार आदि केन्द्रमा रहन्छन्। त्यहि भएर व्यक्तिले हरेक क्षण आजका आवश्यकता मात्र होइन, भोलिका सम्भावित चुनौतीहरूलाई समेत ध्यानमा राखेको हुन्छ। यस्ता विषयहरू पुरा गर्न व्यक्तिलाइ दिगो रोजगारी वा स्वरोजगारी चाहिन्छ। यसरी हरेक व्यक्तिको प्रयास जीवनका मूलभूत आवश्यकताहरू पूरा गर्नका लागि केन्द्रित हुन्छन। अझ हाम्रो जस्तो कम विकसित मुलुकमा काम नगरी आरामले जीवन चलाउन सक्ने मानिसको संख्या अत्यन्त न्यून भएकाले सबैजना कुनै न कुनै रूपले श्रम, प्रयास र अवसरको खोजीमा भौतारिइरहेका हुन्छन्।

मानिसको निरन्तर मुभ र व्यवहार केवल व्यक्तिगत आवश्यकतामा मात्र सीमित हुँदैनन्। यसको पछाडि सामाजिक, आर्थिक र सांस्कृतिक कारणहरू पनि हुन्छन नै। यीनै कारणले मानिस एक ठाँउबाट अर्को ठाँउमा सर्दछ। पुरानो ठाँउ छाड्छ र नयाँ ठाँउमा मिसिनपुग्छ। यो क्रम परापूर्वकाल देखि चल्दै आएको छ। सर्ने र आउनेहरूको मात्रामा फेरबदल होला तर मानिस मुभ गरिरहेको छ।

यसरी मानिस मुभ हुनुका पछाडि व्यक्तिगत आवश्यकता, सामाजिक दबाब, आर्थिक अवसर–चुनौती र सांस्कृतिक संरचना मिलेर बनेको जटिल दबाब एवम् प्रेरणा प्रणालीले काम गरेको हुन्छ। यसले दृश्य अदृश्यरूपमा काम गरेको हुन्छ। अर्थात मानिसका गतिविधि र निर्णयमा प्रभाव पार्छन। नेपालीहरू विदेशिनुका पछाडि रहेका धेरै कारणहरूमध्ये एउटा प्रमुख कारण आयआर्जनको विषयसँग जोडिन्छ।

तर यहाँनेर एउटा अपवाद पनि छ। बाध्यताले मुलुकबाट कामको खोजिमा बाहिर जानेहरूको लागि रोजगारी वा स्वरोजगारीको अर्को विकल्प नभएको भन्ने कारण हुनसक्छ। तर यहाँ त हुने–खाने भनिएकाहरूले नै मुलुक छोडिरहेका छन्। यहाँ पनि यीनीहरू जीवनमा खासै दुख छैन। तर बाहिरको मुलुकमा के त्यस्तो अवसर छ र यहाँ छोडेका छन? यो सोचनिय विषय छ।

**बढ्दो विदेशिने प्रवृत्तीको सैद्धान्तिक आधार**

मानिसलाइ तत्कालको लाभले बढी आकर्षित गर्छ नै। यो

मानीवय स्वभाव नै हो। आधारभूत आवश्यकताको प्राप्तिमा सङ्घर्ष गरिरहेको व्यक्तिलाइ सोको प्राप्ति नै सबैभन्दा महत्वपूर्ण लाग्छ। उसँग कुरेर प्राप्त हुने लाभले त्यति नछुन सक्छ। अहिले लगानी गरेर पछि लाभ आउँछ भन्ने कुरा यीनीहरूका लागि सहायक हुन्छन्। विदेशिनेहरूमध्ये धेरैको लागि आयआर्जन पहिलो आवश्यकता नै हो।

अब्राहम मास्लोजस्ता विद्वानले पनि यहि भने । उनका अनुसार व्यक्ति सर्वप्रथम आफ्नो आधारभूत आवश्यकताहरू पूरा गर्न खोज्छ। यस्तो खोजि आवश्यकता–अनुक्रम सिद्धान्तअनुसार क्रमश शारीरिक, सुरक्षात्मक, सामाजिक, सम्मान र आत्मसन्तुष्टिजस्ता मनोवैज्ञानिक आवश्यकताहरूतर्फ सर्दै जान्छ (Maslow, 1943)।

व्यवहारवादी विद्वानहरूमध्ये B. F. Skinner ले पनि मानिस तत्कालको प्रतिफल (Reinforcement) प्रति बढी संवेदनशील हुन्छ भन्ने पुष्टि गरे। यसरी छिटो प्राप्त हुने परिणामले निर्णय र व्यवहारलाई शक्तिशाली रूपमा निर्देशित गर्छ (Skinner, 1953)।

मानिसहरूमा भविष्यमा पाउन सक्नेभन्दा अहिलेको फाइदा वा अनुभवलाई अत्यधिक प्राथमिकता दिने मनोवैज्ञानिक झुकाव हुन्छ । साथै मानिसको निर्णय क्षमता समय, जानकारी, र मानसिक क्षमताका सीमाले सीमित हुन्छ नै। यहि अवधारणालाइ वर्तमान–पूर्वाग्रह (Present Bias) र सीमित तर्कसंगता (Bounded Rationality) भनिन्छ जसका अनुसार पनि मानिसले भविष्यको लाभभन्दा तत्कालको लाभ हेरेर निर्णय गर्छ (Kahneman & Tversky, 1979)।

यी माथिका दृष्टिकोणहरूका अनुसार मानव निर्णय–प्रक्रिया अहिले प्राप्त गर्न सकिने फाइदा वा राहतप्रति अत्यधिक उन्मुख हुन्छ, जुन लाहुरे हुनेहरूको हकमा उत्तिकै मात्रामा लागू भएको हुनसक्छ। पढेर जागीर पाउने, लगानी गरेर पछि आम्दानी गरिने विषयहरूबाट तत्कालमा देखिने वा महसुस गरिने लाभ प्राप्त नहुन सक्छ। त्यहि भएर तत्कालमा पाइने रोजगारी पहिलो विकल्प बन्छ नै। व्यक्तिले यस्तो सोच्नु यस्तो अन्यथा पनि होइन। किनकी अवसर भएतर्फ मानिस जान्छ नै। तत्काल घरपरिवारको खर्च, भविष्यको चिन्ता र सामाजिक मूल्य मान्यताले पनि मानिसलाइ सानै उमेरदेखि कमाउनुपर्ने बाध्यतामा पारेको हुन्छ।

**गर्न सकिने के हो त?**

के मुभ भइरहने मानिसलाइ रोक्न सकिन्छ? के विदेशिएकाहरूलाइ रोक्न सकिन्छ?

रहरले मुलुक छाड्नेहरूलाइ रोक्न कठिन हुनसक्छ । किनकि उनीहरू व्यक्तिगत विकास, उच्च आम्दानी, फराकिलो संसारमा प्रवशे र जीवन–स्तर सुधारजस्ता पुल फ्याक्टर (*Pull Factors*) द्वारा आकर्षित हुन्छन् । यी सबै विषयहरू मानवीय चाहनासँग सम्बन्धित भएकाले नीति तथा कार्यक्रमले यीनलाइ नियन्त्रण गर्न कठिन हुन्छ।

तर बाध्यताका कारण देश छाड्नेहरूलाइ रोक्न सकिन्छ। यीनीहरू पुस फ्याक्टर (*Push Factors*) जस्तै बेरोजगारी, न्यून आम्दानी, सीपको मान्यता नपाउनु, असुरक्षा र राज्यले प्रदान गर्ने सेवा सुविधाप्रति असन्तुष्ट आदि कारणले बाहिरिएका हुनसक्छन्। मुलुकभित्रै सम्मानजनक रोजगारी, उचित तलब, सुरक्षित श्रम वातावरण, सीपको उपयोग र सामाजिक संरक्षण जस्ता विश्वसनीय अवसर उपलब्ध गराएर यीनलाइ रोक्न सकिन्छ।

पुल एण्ड पुशमा आधारित माइग्रेशनको आधुनिक मोडलका

अनुसार पनि बाध्यताका कारण भएका माईग्रेशनलाई संरचनागत सुधार र आर्थिक अवसर विस्तारले कम गर्न सकिन्छ। तर रहरका कारण हुने माईग्रेशन स्वभाविक मानव आकांक्षाले गर्दा भएकाले नियन्त्रणभन्दा व्यवस्थापनतर्फ ध्यान दिनुपर्छ।

हाम्रो सन्दर्भमा आम नागरिकका अगाडि दुई विकल्पहरू हुन्छनः रोजगारीमा संलग्न वा स्वरोजगार हुने। मुलुक बाहिरिनेहरूका अगाडि पनि यीनै विकल्प थिए र अहिले पनि छन्। यहाँ अवसर नपाएपछि उनीहरू अर्को विकल्प खोजेर बाहिरीएका हुनसक्छन्। यदि बाध्यताले विदेशिएकाहरूलाइ मुलुकका अड्याउने हो भने राज्यको ध्यान नागरिकका यीनै दुइ विकल्पमा अवसर उपलब्ध गराउनमा दिनुपर्छ। राज्यले अनुकुल वातावरण सृजना गर्नमा जोड दिनुपर्छ। मुलुकमा धेरै भन्दा धेरै रोजगारी सृजना गर्न मुलुकको आर्थिक अवस्थामा सुधार गर्नुपर्छ, अवसरहरू बढाउनु पर्छ, संस्थागत क्षमता बढाउनु पर्छ। जब बजारमा अवसर उपलब्ध हुन्छन, व्यक्ति दुइ विकल्पमध्ये कुनै एकमा प्रवेश गर्नसक्छ।

स्वरोजगारका लागि व्यक्तिसँग सीप, दक्षता, चाहना र जाँगर पनि चाहिन्छ। यी सबै भएर पुर्जी नभएका कारण स्वरोजगारमा संलग्न हुन रोकिनु पर्दैन भन्ने साहस राज्यले प्रदान गर्नुपर्छ। बजारले माग गरेमा वैयक्तिक क्षमता हासिल गर्ने प्रयासमा व्यक्ति स्यवम् लाग्छ नै। तर पुर्जी यसरी व्यक्तिगत प्रयासले नजुट्ने भएकोले राज्यको तर्फबाट सहजिकरण हुनुपर्छ। यहाँ पुर्जी सित्तैमा बाड्ने भन्दा पनि विभिन्न स्किममा उपलब्ध गराएर व्यक्तिलाइ जवाफदेही बनाउने इकोसिस्टम निर्माण गर्नुपर्छ।

तसर्थ राज्यले व्यवसाय चलाउन र उद्यमशीलता हासिल गराउन विभिन्न कार्यक्रम ल्याउनुपर्छ। सहकारी संस्था, बैंक तथा वित्तीय संस्थाबाट साना कर्जा, उद्यम–प्रोत्साहन, सीपमा आधारित अनुदान र निजी क्षेत्र वा सामुदायिक सहयोगका पहलहरूको अवसरलाइ व्यापक बनाउनु आवश्यक हुन्छ। यस्ता कार्यक्रमहरू सहजै उपलब्ध बनाउन सकिएमा बाध्यताले मुलुक छाडेका तर स्वरोजगारमा चाहना भएकाहरूलाइ सहयोग पुर्याउन सकिन्छ।

तसर्थ माथि भनिएका दुइ विकल्पहरूमा अवसर व्यापक बनाउन राज्यको अहम भूमिका हुन्छ। जब यहाँ नै अवसर उपलब्ध हुन्छ, शायद बाध्यतामा विदेशिनेहरू यहाँ बसेर नै आफ्नोलागि र मुलुकका लागि केहि गर्न खोज्छन नै। आफ्नो परिस्थिति, चाहना र अवसरअनुसार बाटो छान्छन्। यसैबाट आत्मनिर्भर, सम्मानित र खुसी जीवनतर्फको यात्रा शुरू हुनसक्छ। यसरी राज्यको सहजिकरण र प्रोत्साहनमा व्यक्तिले आफ्नो प्रयास र दृढताबाट निजको मात्र नभएर परिवारसमेतको भविष्य समुन्नत बनाउन सक्छ।

**एक अवसरः युवा तथा साना व्यवसायी स्वरोजगार कर्जा**

स्थानीयस्तरमा सुलभ र सुरक्षित व्यवसायिक कर्जा उपलब्ध गराई उद्यमशीलताको विकासमार्फत मुलुकभित्र स्वरोजगारका अवसरहरु सिर्जना गर्न सम्बत २०६५ सालमा युवा तथा साना व्यवासायी स्वरोजगार कोषको स्थापना भएको हो। यसले स्वरोजगारमूलक कार्यक्रमहरुमा १८ वर्ष पूरा भई ६० वर्षसम्मका लक्षित लक्षित समूहको सहज पहुँच स्थापित गरी स्रोत परिचालन गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गरिरहेको छ।

व्यक्तिलाइ स्वरोजगार कार्यक्रम सञ्चालन गर्न वित्तीय संस्था तथा सहकारी संस्थाहरुमार्फत सहुलियत व्याजदरमा समूहगत लगानीमा लागि बढीमा १५ जनाको समूहमा प्रति व्यक्ति रु २ (दुई) लाखसम्म आवधिक ऋण उपलब्ध गराउने व्यवस्था छ। साथै बैंक, वित्तीय संस्थालाई बढीमा रु. ५ करोडसम्म र सहकारी

संस्थालाई बढीमा रु. १ करोडसम्म थोककर्जा उपलब्ध गराउन सक्नेछ। कोषले बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरुलाई वार्षिक ५.५ प्रतिशतमा कर्जा लगानी गर्ने र यस्ता संस्थाहरुले व्यक्तिहरुलाई वार्षिक ८ प्रतिशत भन्दा नबढ्ने गरी लगानी गर्ने व्यवस्था छ।

कर्जाग्राहीले नियमित रुपमा किस्ता चुक्ता गरेपछि मात्र बुझाएको ब्याजको ६० प्रतिशतले हुन आउने रकम कोषले सम्बन्धित ऋणीलाई ब्याज अनुदान स्वरुप फिर्ता दिनेछ। साथै व्यवसायीहरूको जीवन बिमा तथा स्वरोजगार कर्जाबाट सञ्चालित परियोजनाको एकमुष्ठ बीमा हुने व्यवस्था पनि छ। बीमा गर्दा लाग्ने प्रिमियम वापतको खर्च कोषले भुक्तानी गर्नेछ । अहिलेसम्म युवा स्वरोजगार कार्यक्रमबाट रू १४ अर्व ७३ करोड लगानी भई १ लाख ९ हजार जना स्वरोजगार भएका छन्।

यस्तै अन्य कार्यक्रमहरू पनि सरकारका विभिन्न निकायहरूबाट सन्चालन भइरहेका हुन सक्छन्। यसका लागि खोजि गर्नु र प्रचार प्रसार गर्नुपर्ने आवश्यकता छ। यस्ता कार्यक्रमसम्बन्धी सूचना लक्षित समूहसम्म पुर्याउनु पर्ने देखिन्छ।

युवा उद्यमशीलतालाई प्रोत्साहित गर्दै स्वरोजगारमार्फत देशभित्रै रोजगारी सिर्जना गर्नु र विदेशिनुको विकल्प स्वदेशमै उपलब्ध गराउनका लागि पनि यस्ता कार्यक्रममा लक्षित समूहको पहुँच बढाउनु आवश्यक छ। तर कार्यक्रम लक्षित समूहसम्म पुर्याउन र यसमा देखिएका कमी कमजोरीमा सुधारमा पनि उत्तिकै मात्रामा ध्यान दिनु पर्ने देखिन्छ। यी र यस्तै कार्यक्रममार्फत बेरोजगार तथा साना उद्यमी युवाहरूलाई स्वरोजगारमार्फत आत्मनिर्भर बनाउन सकिएमा अहिले विदेशिएका धेरैलाइ यहाँ रोक्न सकिन्छ।

**अब गर्ने के त ?**

नेपाली समाज सबै बिग्रिएको मात्र पनि छैन। केहि पक्षमा बेथिति देखिएको साँचो हो। तर यहाँ धेरै राम्रा कामहरू पनि भएका छन्। के खोज्ने र केलाइ बढाइ–चढाइ गरेर हेर्ने भन्ने मात्र हो। यहीं भित्र लुकेर बसेका सफलताका कथाहरू पहिचान गरी बाहिर ल्याउनु हामी सबैको दायित्व हो। हरेक सफलताको पछाडि वर्षौंको संघर्ष, धैर्य र लगन हुन्छ। सफलता कुनै सिनेमामा देखाएजस्तो एकैदिनमा प्राप्त हुने पनि होइन । चमत्कारबाट प्राप्त हुने पनि होइन। त्यसैले सकारात्मक सोच राखी देखिएका बेथितिहरूमा सुधार गर्दै आ–आफ्नो ठाउँबाट काम शुरू गर्न सके मुलुकलाई अघि बढाउन सकिन्छ। हामीमा आशा, साहस र प्रयास भएमा परिवर्तनको बीउ यहीं नै फस्टाउन सक्छ।

यसै प्रसङ्गमा एउटा रमाइलो तर गहिरो अर्थ बोकेको सम्झनयोग्य कथा छ। कुनै एक व्यक्तिले नाम चलेका एक चित्रकारलाइ एउटा चित्र बनाउन भने। चित्रकारले १० मिनेटमै राम्रो चित्र बनाइदिए। यो चित्र यति राम्रो बन्यो कि यसको शहरभरी चर्चा हुन थाल्यो । जब मानिसले यो कुरा सुने । धेरै जना चित्रकारसँग यस्तो कला सिकाइदिन अनुरोध गर्न गए। यीमध्ये केहिले त म यति पैसा दिन्छु उति पैसा दिन्छु भन्न पनि थाले। अनि चित्रकारले मुस्कुराउँदै भने "यो चित्र १० मिनेटमा बनेको साँचो हो, तर मलाइ यति सीप सिक्नका लागि ३० वर्ष लाग्यो। यो त विगत ३० वर्षको अभ्यासको नतिजा आज देखिएको मात्र हो"।

यसरी कुनै पनि सफलताको पछाडि दीर्घ साधना, समय, धैर्य र निरन्तरको प्रयास र प्यासन लुकेको हुन्छ। समाजमा हुने राम्रा कामहरू र सफलताका कथाहरू पनि यस्तै वर्षौंको अनुभव, संघर्ष र प्रयासबाट जन्मिने हुन्। सिनेमामाजस्तो तत्कालमा पाइने होइन। त्यसैले सकारात्मक सोच लिएर निरन्तर मेहनत गर्न सकियो भने मुलुकमा आवश्यक परिवर्तन ल्याउन सम्भव छ।

मानिसका सुख दुःख व्यक्ति जहाँ गए पनि सँगै जाने हुन। आफ्नै कर्म अर्थात कार्यका कारण यीनको अवस्था आउने हो। विदेश गएरै सुख मिल्छ भन्ने पनि कुनै सुनिश्चितता छैन। हरेकले आफू हिडने बाटो आफैं बनाउने हो। मनमा दृढ सोच, जाँगर र केही कष्ट सहने हिम्मत भए भने यहीं बसेर पनि केहि गर्न सकिन्छ। यहाँ पनि लोभ लाग्दो काम गरेका थुप्रै उदाहरणहरू छन्। आज हामीले सहनुपरेको पीडा भोलिका भोग्न नपरोस भन्नका लागि पनि केहि त गर्नै पर्छ। आफ्नै माटोमा बसेर परिश्रम, धैर्य र सचेत नागरिकताको अभ्यास गर्न सकियो भने यही परिवेशमै केहि गर्न सकिन्छ।

तसर्थ अहिले अरूले मुलुक छोडे भनेर चिन्तित हुनेभन्दा पनि तिनलाई कसरी व्यवस्थापन गर्ने भन्नेतिर सोचिनु आवश्यक छ। बाहिरीन खोज्नेहरूका बारेमा सोच्नुपर्छ। हामीमा आफ्नो काम आफैं गर्ने संस्कार विकास गर्नुपर्छ, आशा (Hope) जगाउने आवाजहरूसँग जोडिनुपर्छ र कमजोरीहरूलाई ढाक्ने होइन कि सुधार्ने साहस बोक्नुपर्छ। परिवर्तन अरूबाट होइन, आफैंबाट सुरु हुन्छ। आफ्नो आचरण, अनुशासन, जिम्मेवारी र सकारात्मक सोचबाट परिवर्तन आउने हो। यस्ता कार्यहरूबाट मुलुकमा केहि भएकै छैन भनेर बाहिरीन खोज्नेहरूमा आशा अर्थात होप जगाउन सहयोग पुग्छ।

यदि हरेक नागरिकले ‘पहिले म सुधारिन्छु’ भन्ने प्रण लिन सके मुलुकको रूपान्तरण कुनै टाढाको सपना हैन। यस्तै कदमबाट परिवर्तनको बीउ फक्रिन थाल्छ। यहि स्वभावबाट स्वरोजगारका उपायहरू उम्रने हुन। सरकारका कार्यक्रममा जानकारी भएकाहरूले अरूलाइ सम्प्रेषण गर्ने र लक्षित समूहले त्यसबाट लाभ पाउने व्यवस्था गर्न सके सुधार सम्भव छ।

अन्त्यमा, स्वरोजगार कार्यक्रम केवल आर्थिक सहायता कार्यक्रममात्र नभई युवाको सोच परिवर्तन, क्षमता विकास र राष्ट्रप्रतिको उत्तरदायित्व बोध गराउने अभियान हो । मन्त्रालय यसलाई राष्ट्रिय अभियानका रूपमा स्थापित गर्दै सबै सरोकारवाला निकायसँग सहकार्य गर्न प्रतिबद्ध छ । युवाहरूले यस अवसरको सदुपयोग गर्दै स्वदेशमै सम्मानजनक भविष्य निर्माण गर्ने विश्वास हामीले लिएका छौं । स्वरोजगारमार्फत् आत्मनिर्भरयुवाको यात्रामा मन्त्रालय सदैव युवाको पक्षमा छ ।

## युवा मन्त्रालयको नेतृत्वमा २ युवामन्त्री

***मन्त्री बब्लु गुप्ताले युवामैत्री कार्यक्रमको पहुँच विस्तार, पारदर्शी कार्यान्वयन र खेलकुद पूर्वाधार विकासमा उल्लेखनीय सक्रियता देखाउँदै आएका छन् । राष्ट्रिय तथा स्थानीयस्तरमा खेल प्रतिभा पहिचान, प्रशिक्षण र अन्तर्राष्ट्रिय प्रतिष्पर्धामा सहभागिता बढाउने उनका प्रयास सकारात्मक रूपमा मूल्याङ्कन भईरहेका छन्***

नेपाल सरकारको मन्त्रालयमा युवाको नेतृत्व स्थापित हुनु समग्र शासनप्रणालीका लागि नयाँ आशा र सकारात्मकताको सङ्केत बनेको छ । युवा नेतृत्वले परम्परागत सोचमा परिवर्तन ल्याउँदै ऊर्जा, नवीनता र परिणाममुखी कार्यशैलीलाई प्राथमिकता दिइरहेको अनुभूति आम नागरिकले गर्न थालेका छन् । प्रविधिमैत्री दृष्टिकोण, छरितो निर्णय प्रक्रिया र जनउत्तरदायी सोचका कारण मन्त्रालयको कार्यसम्पादनमा नयाँगति आएको देखिएको छ ।

युवा नेतृत्वले विशेषगरी रोजगारी सिर्जना, सीप विकास, उद्यमशीलता प्रवर्द्धन तथा पारदर्शी प्रशासनमा जोड दिंदै

जनताको विश्वास बढाउने प्रयास गरिरहेको छ । उनीहरूको सक्रियता र दृष्टिकोणले राज्य संयन्त्रप्रति सकारात्मक धारणा निर्माण गर्नुका साथै युवापुस्तालाई राष्ट्रनिर्माणमा सहभागी हुन प्रेरित गरेको छ ।

मन्त्रालयको नेतृत्वमा युवाको उपस्थिति केवल उमेरको परिवर्तन होईन, सोच र संस्कृतिको रूपान्तरण हो भन्ने सन्देश प्रवाह भएको छ । यसले दीर्घकालीन रूपमा सुशासन, समावेशी विकास र समृद्ध नेपालको लक्ष्यतर्फ महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । नेपाल सरकारको मन्त्रिपरिषद्मा पूर्वयुवा तथा खेलकुदमन्त्री विराजभक्त श्रेष्ठ र बब्लु गुप्ताको सक्रियता र सकारात्मक सोचले युवा तथा खेलकुदक्षेत्र थप ऊर्जाशील बन्दै गएको छ । दुबै मन्त्रीले युवाको क्षमता पहिचान, आत्मनिर्भरताको प्रवर्द्धन तथा खेलकुद संरचनाको सुदृढीकरणमा प्राथमिकता दिँदै स्पष्ट कार्यदृष्टि अघि सारेका छन् ।

पूर्वमन्त्री विराजभक्त श्रेष्ठले नीति निर्माणमा समावेशीसोच र दीर्घकालीनयोजनालाई जोड दिँदै युवा उद्यमशीलता, सीप विकास र नवप्रवर्तनमुखी कार्यक्रमहरूलाई प्रभावकारी बनाउने पहल गरिरहेका छन् । उनका योजनाले ग्रामीण तथा पिछडिएका क्षेत्रका युवालाई अवसरको दायरामा ल्याउन सहयोग पुगेको छ ।

त्यस्तै, मन्त्री बब्लु गुप्ताले युवामैत्री कार्यक्रमको पहुँच विस्तार, पारदर्शी कार्यान्वयन र खेलकुद पूर्वाधार विकासमा उल्लेखनीय सक्रियता देखाउँदै आएका छन् । राष्ट्रिय तथा स्थानीयस्तरमा खेल प्रतिभा पहिचान, प्रशिक्षण र अन्तर्राष्ट्रिय प्रतिष्पर्धामा सहभागिता बढाउने उनका प्रयास सकारात्मक रूपमा मूल्याङ्कन भईरहेका छन् ।

दुबै मन्त्रीको सहकार्य, स्पष्ट दृष्टिकोण र परिणाममुखी नेतृत्वले युवा तथा खेलकुद मन्त्रालयलाई नयाँगति दिँदै देशको समग्र विकासमा महत्वपूर्ण टेवा पुऱ्याउने अपेक्षा गरिएको छ ।

# नेपालको अर्थतन्त्र र जनसाङ्ख्किलाभको अवस्था

**लोकबहादुर खड्का- शाखाप्रमुख, कानुन तथा कार्यक्रम प्रवर्द्धन**

***विश्वका १११ देशमा संस्थागत रूपमा वैदेशिकरोजागारीका लागि खुल्ला गरिएकोमा अफगानिस्थान, ईराक र लिबियामा केही समयदेखि बन्द गरिएको छ । यसको मतलब नेपालका युवालाई उत्पादन र उत्पादकत्वमा जोड्नुको सट्टा १११ देशमा श्रम गर्न पठाउने चाँजोपाँजो राज्यले मिलाउनु भनेको नेपालको अर्थतन्त्रलाई घुँडा टेकाउनु नै हो ।***

उत्पादनको साधानहरू जमीन, पुँजी र प्रविधि र श्रम हो । जसमध्ये श्रम एक महत्वपूर्णसाधन हो जुन सञ्चय गर्न सकिँदैन । साथै अन्य उत्पादनको साधन परिचालनभन्दा जटिलविषय पनि हो । श्रम प्रत्यक्ष रूपमा मानवशक्तिसँग सम्बन्धित भएकोले कुनै क्षेत्र देश वा निश्चित भूगोलको जनसङ्ख्याको संयोजन कसरी भईरहेको छ त्यसको आधारमा त्यस देशले हासिल गर्ने आर्थिक उन्नतिको मापन भईरहेको हुन्छ । खासमा देशको जनसाङ्ख्यिक अवस्थाको सदुपयोगबाट आर्थिकवृद्धि हुने गर्दछ ।

जनसाँख्यिक वर्गीकरणको आधारमा १५ देखि ६४ वर्षको उमेरसमूहलाई अधिक उत्पादकत्व भएको समूह मानिन्छ भने १५ वर्षभन्दा कम उमेर र ६४ वर्षभन्दामाथिको उमेरसमूहलाई कम उत्पादकत्व भएको उमेर समूहमा मानिन्छ। शारीरिक तथा मानसिक रूपमा पनि यो वर्गीकरण वैज्ञानिक मानिन्छ। सरदर एक शताब्दीको अन्तरालमा जनसङ्ख्याको संयोजनमा कुनै समय अधिक उत्पादकत्व भएको उमेरसमूह धेरै हुने र कुनै समय कम उत्पादकत्व भएको उमेरसमूह अधिक हुने अवस्था सिर्जना हुनेगर्दछ । यसरी उतरचढाव हुने विषय त्यस देशको जन्मदर तथा मृत्युदर, जनताको स्वास्थ्यको अवस्था, वालबालिकाको पोषणको अवस्था वृद्धवृद्धाको संरक्षण्को नीतिमा भर पर्दछ । यही अधिक उत्पादकत्व हुने उमेर र कम उत्पादकत्व हुने उमेरसमूहको अनुपातको आधारमा कुनै पनि देशले अब आर्थिकप्रगति गर्दछ वा यो देशको आर्थिक अवस्था खस्कन सक्दछ भन्ने अनुमान गर्न सकिन्छ। जब कुनै देशको १५ देखि ६४ वर्षको उमेरसमूह अधिक र लामोसमय रहन्छ त्यो अवस्थालाई त्यो देशको जनसांख्यिक लाभ (Bonus population) जनसांख्यिकलाभ भन्ने गरिन्छ । तर जनसाँख्यिकलाभ आफैले उत्पादन र उत्पादकत्व वृद्धि गर्ने नभई उक्त श्रमशक्तिलाई उचित व्यवस्थापन गर्दामात्र उपलब्धि हाँसिल हुनेगर्दछ । यसको विपरीत जनसाँख्यिकलाभको श्रमशक्तिलाई सीप तथा तालिमबाट दक्ष बनाई रोजगारीमा लगाउन सकिएन भने जनसाँख्यिकलाभको सट्टा जनसांख्यिकबोझ (Burden population) रूपमा परिवर्तन हुनसक्दछ । यसको मतलब जनसांख्यिकलाभको सदुपयोग गर्ने अवस्था सिर्जना गर्न पनि २० देखि ३० वर्षको अगाडि देखिको योजना आवश्यक पर्दछ ।

जनसङ्ख्यालाई स्वस्थ्य राखेर राम्ररी शिक्षा-दीक्षा उपलब्ध गराई रोजगारी संलग्न गराउनसक्यो भने जनसाँख्यिकलाभ भएको जनसङ्ख्याको अबस्थाले देशको आर्थिकवृद्धिमा गुणात्मकफड्को मार्नसक्दछ। तर, यसको ठीकविपरीत ब्यवस्थापन गर्न सकिएन भने देशको अर्थतन्त्र यही बिन्दुबाट ओरालो लाग्दछ र उक्त श्रमशक्ति दंगाफसाद, कुलत तथा राजनैतिकपरिवर्तनको लागि अग्रसर हुने र राज्यले तनाव ब्यहोर्नुपर्ने अवस्था सिर्जना हुनेगर्दछ।

नेपालको सन्दर्भमा राज्यले जनसाँख्यिकलाभको चरणमा प्रवेश गर्ने र राजनैतिकपरिवर्तन हुने समय लगभग एउटै परेको देखिन्छ । साथै बैदेशिकरोजगारीमा होमिने प्रवृति पनि त्यही समयदेखि अगाडि बढेको देखिन्छ । समग्रमा भन्नुपर्दा जनसाँख्यिकलाभको सट्टा जनसाँख्यिकतनावको अवस्था सिर्जना भएको देखिन्छ।

एक शताब्दीमा एकपटक आउने यो जनसाख्यिकलाभको अवस्था एसियाली देशमा २१औं शताब्दीको शुरूबाट प्राप्त हुन थालिसकेको थियो भने जनसाख्यिकलाभको पूर्णसदुपयोग गरेको देशहरूमा जापान, दक्षिणकोरिया सिंगापुर, चीन, थाईल्याण भीयतनामको नाम लिन सकिन्छ। यी देशहरू आर्थिक रूपमा सफल हुनुको कारण जनसङ्ख्यालाई दक्ष जनशक्तिमा बदल्दै निर्यातमुखीउत्पादन, सेवा प्रविधिमा जोड दिएर नै हो। त्यसैगरी जनसांख्यिकलाभको अवस्थालाई सदुपयोग गर्न नसकेका एसियाका देशहरूमा नेपाल, पाकिस्थान, बंगलादेश, फिलिपिन्स, यमन, ईराकको नाम लिन सकिन्छ । यो सदर्न्भमा नेपालले

जनसाँख्यिकलाभको अवस्थालाई सदुपयोग गर्न नसक्नुमा दीर्घकालीनभूमिका चाँहि गुणस्तरहिनशिक्षा हो भने अल्पकालीन तथा मध्यकालीन रूपमा विश्लेषण गर्दा साधन र स्रोतको व्यवस्थापकीयकमजोरी नै हो । गएको ३० वर्षमा राज्यको धारणा नै अदक्ष श्रमशक्ति नै भएपनि वैदेशिकरोजगारीमा पठाउनसके देशले विप्रेषणका आधारमा आर्थिक उन्नति गर्न सक्दछ भन्ने बुझाई रहेको देखिन्छ । यसको ज्वलन्तउदाहरण विश्वका १११ देशमा संस्थागत रूपमा वैदेशिकरोजागारीका लागि खुल्ला गरिएकोमा अफगानिस्थान, ईराक र लिबियामा केही समयदेखि बन्द  गरिएको छ । यसको मतलब नेपालका युवालाई उत्पादन र उत्पादकत्वमा जोड्नुको सट्टा १११ देशमा श्रम गर्न पठाउने चाँजोपाँजो राज्यले मिलाउनु भनेको नेपालको अर्थतन्त्रलाई घुँडा टेकाउनु नै हो ।

२० वर्षमा २० ओटै सरकार बनिने देशमा कस्ले कुन समयमा नेतृत्व गऱ्यो त्यस बिषयवले खासै महत्व राख्दैन किनकि कुनैपनि पार्टीको सरकारले स्वदेशमा युवाश्रम परिचालन गरी अर्थतन्त्र सुदृढ गर्ने नीति लिएको पाईंदैन । युवालाई देशबाहिर धपाउने राष्ट्रियनीति नै रहेको झै गरी वैदेशिकरोजगारीलाई प्रबर्द्धन गरिरहेको अवस्था देखिन्छ । जसको फलस्वरूप वार्षिक लाखौं युवारोजगारीको लागि विदेशिइरहेको र यो बढ्दो क्रममा देखिन्छ । आर्थिक स्वर्णयुग निर्माण गर्नबाट चुकेको एसियालीदेशमध्ये नेपाल पनि एक हो । यसको मापनको रूपमा वैदेशिकरोजगारीमा होमिएका युवाहरू र शिक्षा वा अन्य कुनै बहानामा विदेशिएका युवाहरूको संख्यालाई हेर्न सकिन्छ ।

वैदेशिकरोजगार विभागको आ. व. ०८१।८२ को तथ्यांकानुसार दक्ष, अर्धदक्ष र अदक्ष सबैप्रकारका जनशक्ति (महिला ९४,४५५ र पुरूष ७४,४८११) गरी जम्मा ८३,९२६६ युवा आधिकारीक रूपमा विदेशिएका छन । यो संख्यामा गैरकानुनी रूपमा विदेशिने, अध्ययनको लागि विदेशिने र भारतमा श्रम गर्न जाने ठूलोजनशक्ति गणना भएको छैन । यसबाट पनि के देखिन्छ भने नेपालको उर्वरभूमि बाझै हुने र आयतमा भर पर्नुपर्ने केवल युवाको मात्र दोष हैन कि नेपालको नीतिगत समस्या नै हो । नेपालको अर्थतन्त्रको मेरूदण्डको रूपमा पहाडी युवा विहिन (श्रमशक्तिविहिन) मात्र भएको छैन नीतिगत रूपम समेत कुनै दीघकाालीनयोजना नभएकोले पहाडी ग्रामीण भूभाग राज्यविहिन पनि बन्दैछ ।

सरकारसञ्चालकहरूको बुझाईमा युवाहरू आर्थिकपरिवर्तनका संवाहकमात्र हैनन यिनीहरूले राजनैतिकपरिवर्तनको नेतृत्व पनि गर्ने भएकोले आफ्नो  स्थापित राजनैतिकविरासतसमेत डगमगाउने कुरा सत्तामुखी दलहरूले गहिरो गरी मनन गरेको बुझ्न सकिन्छ ।  नियोजित रूपमा जानसाँख्यिकलाभको अवस्थाको श्रमशक्ति सदुपयोग गर्ने योजना नबनेको होकि भन्ने शंका गर्न सकिन्छ । किनकि कुनै सरकारले पनि नेपालको श्रमशक्तिलाई स्वदेशका सदुपयोग गर्ने सघन नीतिनिर्माण गर्नुको सट्टा वैदेशिकरोजगारीमा जोड गरेको देखिन्छ र दीर्घकालीनसमस्याको समाधान भनेको वैदेशिकरोजगारी नै हो भन्ने उक्त नीतिको निष्कर्ष छ । देशको वैदेशिकरोजगारनीति २०६८  पारित हुँदै गर्दा २१ लाख नेपाली वैदेशिकरोजगारीमा गएको तथ्यांक देखिन्छ भने त्यका १४ वर्षपछि ४० लाख युवा श्रमको लागि विदेशमा भएको तथ्यांक पाईन्छ । यसबाट पनि वुझ्न सकिन्छ वैदेशिकरोजगारनीतिले राम्रै काम गरिरहेको छ

तर विप्रेषणमा आधारित भएर संसारका कुनैपनि देशले आर्थिकफड्को मार्न सकेका छैनन र नेपाल त्यसको अपवाद बन्ने संभावना पनि देखिँदैन । वि. स. २०६० को दशकमै जनसाँख्यिकलाभको चरणमा प्रवेश गरेको नेपाल २०८० को दशकमा प्रवेश गर्दा यसको उच्चतम्बिन्दुमा छ भने क्रमश: घट्दोदरमा भएपनि वि. स. २०९० देखि २१०० सम्म जनसाँख्यिकलाभकै अवस्था रहनसक्दछ । जनसाँख्यिकलाभको अवस्थालाई सदुपयोग गरेर गरेर उन्नति गरको जनसाँख्यिकलाभको मध्यचरणमा प्रवेश गरेको नेपालले अबको १५ देखि २० वर्षमा नयाँयोजना र नयाँकार्यक्रमसहित उक्त जनसङ्ख्याको सदुपयोग गर्न चुक्नहुँदैन । समाजवादोन्मुखअर्थतन्त्र निर्माण केवल खोक्रोभाषणमात्र नभएर उत्पादनका साधनहरूको समुचित सदुपयोग हो । तर अधिकतम्दुरूपयोग भएको उत्पादनको साधनमध्ये युवाश्रम नै हो जसको फलस्वरूप कृषिप्रधान देश कृषिउपज आयतमा भरपर्दैछ भने क्रमश: विप्रेषणप्रधान देशमा बदलिरहको छ । त्यसैले जनसाँख्यिकलाभको मध्यचरणलाई गुरूयोजनाबाट सदुपयोग नगरे यसले राजनैतिक उथलपुथल त ल्याउछ नै त्यसको साथसाथै आर्थिकअवस्था भयवह हुनसक्दछ । जसबाट बच्नको लागि एउटा पुस्ताले निर्मम श्रमसदुपयोगको अवस्थाबाट गुज्रनु आवश्यक छ भने यही जनसाँख्यिकलाभको अवस्थामै यो श्रमसदुपयोग गरिनुपर्दछ । नत्र वि. स. २१०० को शुरूबाटै जनसाँख्यिकलाभ गुमाउने नेपालले वृद्धवृद्धाको संरक्षणको लागि ठूलो लगानी गर्नुपर्ने र श्रम गर्ने युवाको अभाव पनि व्यहोर्नुपर्ने भएकोले आर्थिक विकासका कठिनाई भोग्नुपर्ने अवस्था सिर्जना हुनेगर्दछ । त्यसैले जनसाँख्यिकलाभको सदुपयोग अपरिहार्य भईसकेको छ ।

जनसाँख्यिकलाभको लागि श्रमनीति युवानीति वा वैदेशिकरोजगारनीतिले मात्रै पुग्दैन यो एक अर्कामा अन्तरसम्बन्धित विषय (Cross cutting issues) हुने भएकोले १५ देखि ६४ वर्षसमूहको मानवश्रमलाई सदुपयोग गर्ने एकीकृतरणनीति, योजना तथा कार्यक्रम आवश्यक पर्दछ । नीति, नियम तथा व्यवस्थापकीयक्षमता प्रदर्शन गर्नसके रोजगारीको अवस्था सिर्जना हुने, सामाजिक विकासमा सुधार हुने, प्रविधिमा पहुँच वृद्धि हुने, राजनैतिकस्थिरता भई आर्थिकफड्को मार्न संभावना भने जीवित नै रहेको छ ।

**(साभार: रातोपाटी डटकमबाट ।)**

# गाउँमै स्वरोजगार बनौं

**चण्डीराज नेपाल- कार्यक्रम प्रवर्द्धन अधिकृत,**
**कार्यक्रम प्रवर्द्धन शाखा**

रित्ता छन् घरबास गाउँघरका, रित्ता ती पाखाहरू
हाँसो खोज्न सकिन्न आज, किन हो हेरेर बस्तीहरू
ती पाखा-पहरा नदी र छहरा, घुम्दै र डुल्दै गरू
बाँझा खेतहरू खनेर सबलौ, बाली लगाऔं बरू

पालौ यैं सब व्यस्त भै घरतिरै, बाखा र भैसी अब
तन्नेरी जनहो बुझेर अबता फर्केर आऊ सब
कोदो-फापर ती मकै गहुँ भए, बारी त हाम्रै भरी
फल्छन् फल्फुल नै लगाउन सके, ती सुन्तला कागती

खाली राख्न हुँदैन भूमि कहिल्यै, जे फल्छ रोपौं अब
बारीमा तलखेतमा रहरिला, बाला झुलाउँ अब

ढिक्का ती हिउँका फुटाउन, पुगौं हीरा र मोती छरौं
तन्नेरी जनहो फिरेर अबता, गाउँ र बस्ती भरौं

हामी आपसमा मिलेर सब, ती वैषम्य फ्याँकी दिऊ
भ्रष्टाचार हटाउँदै परलगी, डाँडै कटाई दिऊ
भावी सङ्कटका अनिष्ट सब, नै टारेर आभा छरौं
तन्नेरी जनहो फिरेर अबता, यैं रोजगारी गरौं ॥

# बेरोजगार, रोजगार र स्वरोजगार

**धीरज अधिकारी- सूचनासहायक, सूचना प्रविधि शाखा**

***बेरोजगारीभन्दा जसरी अतुलनीयहिसाबले रोजगारी उत्तम हो, त्यसैगरी रोजगारीभन्दा त्यत्तिकै हिसाबले स्वरोजगारी उत्तम हो । हाम्रो एउटा भनाई नै छ, 'उत्तम खेती, मध्यम व्यापार र नीच नोकरी' यस वाक्याक्षमा उत्तम भनिएको खेती र मध्यम भनिएको व्यापार स्वयंद्वारा गरिने हुँदा, स्वरोजगारलाई नै उच्च मान्यता दिएको देखिन्छ । खेती उत्तम यस कारण भनिएको छ, खेतीमा वस्तु उत्पादन हुन्छ । व्यापारमा सेवा पनि उत्पादन हुनेहुँदा, मध्यम भनिएको छ । अन्त्यमा नीच नोकरी भनिएको छ । नोकरी भन्नाले रोजगार हो ।***

कुनै पनि अदक्ष, अर्द्धदक्ष र दक्षकामदारको मानसिक तथा शारीरिकपरिश्रमबाट वस्तु वा सेवा उत्पादन नहुनु वा उत्पादितवस्तु तथा सेवा विक्रीबाट जीविकोपार्जन हुन नसकेको अवस्था नै बेरोजगार हो । यसै अवस्थामा सङ्लग्न व्यक्तिलाई बेरोजगारी भनिन्छ । त्यसैगरी माथिका परिभाषित वाक्यको विपरीतार्थावस्थालाई रोजगार वा रोजगारी भनिन्छ । बेरोजगारीमा उत्पादनता प्रायः शून्यसरह नै हुन्छ । यसमा समाजसदस्यहरू थेत्तरपन र जबरजस्तीपनबाट आफूलाई उभ्याईरहेका हुन्छन् । साथै, पछ्यौटेपन, रोग, भोक र अभाव चरमावस्थाबाट गुज्रिरहेको हुन्छ ।

व्यक्तिगतजीवनमा सन्नाट र उदासीनताले सीमापार गर्दै गरेको हुन्छ । यदि यसरी व्यक्तिको जीवनमा रहेको यो समस्या आम रूपमा फैलदैं गएमा यसले कुनै पनि राष्ट्रले लिएको आर्थिकसम्वृद्धिको नारालाई 'धोती लगाईदिन' सक्दछ । सम्भाव्यता र कार्यात्मकताबाट उत्पादित वस्तु तथा सेवाको सन्तुलित उपभोग नै सहिष्णुतासहितको रोजगारयुक्तसमाज हो । अझ उत्पादनमा सेवाभन्दा वस्तुको महत्व प्रचूरमात्रामा रहन्छ । तुलनात्मक रूपमा सेवाभन्दा वस्तुगत उत्पादन गर्ने रोजगारीको टिकाउपन दीर्घकालीनसम्म रहनेछ । वस्तुगत उत्पादनको रोजगारीलाई १ नम्बर अथवा २४ क्यारेडको सुनसँग तुलना गर्न लायक हुन्छ । यसरी रोजगारीको अवस्थामा सम्वद्धपक्ष आर्थिक रूपले सवल हुन्छ । रोजगारयुक्तसमाजले व्यक्तिको मात्रै नभएर सिङ्गोराष्ट्रको सम्मुनतिप्रति अग्रसर गराईरहेको हुन्छ । बेराजगारीभन्दा अतुलनीय सकारात्मकउपलब्धि रोजगारीको अवस्था हो । यो एउटा यस्तो अवस्था हो, मानवजीवनको सार्थतकताको सुन्दरपक्ष पनि हो । यद्यपि आत्मसन्तुष्टि भने भएको हुँदैन । रोजगारीका धैरै नै राम्रा पक्ष हुँदाहुँदै पनि यसका केही मौलिक नकारात्मकविशेषता पनि रहेका छन् । रोजगारीमा औपचारिकता निभाउने, सिर्जनात्मककार्य गौण रहने भएकोले उद्यमशीलताको विकासमा कछुवाको गति रहेको हुन्छ । उद्योगमा कार्यरत कामदारको दैनिक जीवनी त चलेको हुन्छ, परन्तु व्यक्तित्व र नयाँ सिर्जनात्मकविकासमा भने खासै उन्नति भएको देखिदैन । यसमा मालिक र नोकर एवम् हाकिम र

कारिन्दा पात्रह (कर्मचारी)रू परिकल्पित हुन्छन् । यिनीहरूबीच 'औषतमा फराकिलो र दुर्लभमा सानोग्याप' सँधै रहिरहेकै हुन्छ । आत्मसम्मान, आदर्श, विचार, प्रतिष्ठा एवम् अस्तित्वको सम्बन्धमा सँधै नै शीतयुद्ध तथा बहसहरू जीवन्तसम्म चलिरहन्छ ।

संस्कृतमा 'स्व'को अर्थ हो, स्वयम् अर्थात आफू वा आफ्नो । स्वरोजगार भन्नाले माथि उल्लेखित रोजगारीको परिभाषामा अगाडि 'स्व' थप्ने नै हो । अर्थात आफ्नै स्वामित्वमा स्वयम् आफैँ मालिक र नोकर वा हाकिमदेखि कर्मचारी सम्पूर्ण आफूबाटै र आफ्नै नियन्त्रणमा वस्तु वा सेवा उत्पादन गरी जीविकोपार्जन गर्ने पेशा हो । यसको सबैभन्दा सकारात्मकपक्ष भनेको आत्मसन्तुष्टि र रचनात्मककाम नै हो ।

तसर्थ बेरोजगारीभन्दा जसरी अतुलनीयहिसाबले रोजगारी उत्तम हो, त्यसैगरी रोजगारीभन्दा त्यत्तिकै हिसाबले स्वरोजगारी उत्तम हो । हाम्रो एउटा भनाई नै छ, 'उत्तम खेती, मध्यम व्यापार र नीच नोकरी' यस वाक्याक्षमा उत्तम भनिएको खेती र मध्यम भनिएको व्यापार स्वयंद्वारा गरिने हुँदा, स्वरोजगारलाई नै उच्च मान्यता दिएको देखिन्छ । खेती उत्तम यसकारण भनिएको छ, खेतीमा वस्तु उत्पादन हुन्छ । व्यापारमा सेवा पनि उत्पादन हुनेहुँदा, मध्यम भनिएको छ । अन्त्यमा नीच नोकरी भनिएको छ । नोकरी भन्नाले रोजगार हो । यसरी वस्तु उत्पादन गर्ने स्वरोजगारमूलक कार्यलाई प्रथमस्थान दिइएको छ । दोस्रोस्थानमा सेवागत स्वरोजगारलाई महत्व दिइएको छ । ३ वटा पेशामध्ये अन्त्यममा रोजगारलाई समेटिएको छ, जसलाई 'नीच' भनी, परिभाषित गरेको छ ।

नेपाल सरकार

**युवा तथा खेलकुद मन्त्रालय**

**मन्त्रालय अन्तर्गतका निकायहरू:**

- युवा तथा साना व्यवसायी स्वरोजगार कोष, कोपुण्डोल, ललितपुर
- राष्ट्रिय खेलकुद परिषद्, त्रिपुरेश्वर, काठमाण्डौ
- राष्ट्रिय युवा परिषद्, सानोठिमी भक्तपुर
- नेपाल स्काउट, लैनचौर, काठमाण्डौ
- फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदान तथा खेलग्राम पूर्वाधार निर्माण विकास समिति, धनगढी कैलाली
- राष्ट्रिय एण्टीडोपिङ एजेन्सी नेपाल ।

माथिका श्लोकले बेरोजगारलाई परिकल्पनासमेत गरेको देखिँदैन । बेरोजगारको अवस्था नीचभन्दा पनि तल रहेकै कारणले हुनसक्छ परिकल्पनासमेत गरिएको देखिदैन । यसरी साराशंमा सबैभन्दा उत्तमपेशा वा व्यवसाय भनेको 'स्वरोजगार' नै हो, त्यसमा पनि सेवागतभन्दा वस्तुगत उत्पादकरोजगार । यस सेरोफेरोसँग नजिक रहेर विक्रमसम्वत् २०६५ फाल्गुण १९ गते नेपालसरकारले सैद्धान्तिक रुपमा देशमै पुँजीको व्यवस्था गरी देशको उत्पादनशील र सीपयुक्त युवाजनशक्तिलाई विदेशपलायनता रोक्ने भन्दै 'युवा तथा साना व्यवसायी स्वरोजगार' नामक कोष स्थापना गरेको छ । सरकारीभनाईमा 'मन भएको तर धन नभएको' युवाहरूको श्रमलाई उद्यमशीलताको विकासमार्फत् परम्परागतउत्पादन प्रणालीमा सकारात्मकपरिवर्तन ल्याउने तथा सीपयुक्त श्रमशक्तिलाई स्वरोजगारको अवसर प्रदान गर्ने लक्ष्य राखेको हुँदा, ७३ जिल्लाका करीब १ लाख ९९ हजारको

सङ्ख्यामा युवाहरूलाई स्वरोजगार बनाईसकेको बताएको छ । यसको उद्देश्यानुरूप शिक्षित तथा अशिक्षित बेरोजगारयुवाहरूलाई स्वरोजगार बनाउन अभिमुखीकरण तथा व्यावसायिक र सीपमूलकतालिम प्रदान गर्नुका साथै बैङ्क र वित्तीय सस्थाहरूमार्फत् सहुलियतब्याजदरमा बिनाधितो आवधिककर्जा प्रदान गर्न स्वरोजगारकोष तत्पर भएको कुरा करीब ३ हजार प्रारम्भिक सहकारीसंस्थासँगको सहकार्यले झल्काएको छ ।

स्वरोजगारकोषले आर्थिक रूपले पिछडिएका विपन्नवर्ग, महिला, दलित, आदिवासी, जनजाति, द्वन्द्वपीडित, अपाङ्ग, घाईतेपरिवार एवं युवा तथा परम्परागतसीप भएका जात-जातिहरूलाई व्यावसायिकखेती, कृषिजन्य उद्योग वा सेवामूलक स्वरोजगारकार्यक्रम सञ्चालन गर्न सहुलियत ब्याजदरमा कर्जा प्रदान गर्दै आएको छ । यद्यपि यसको उद्देश्यानुसारको लक्ष्यप्राप्ति भने भएको देखिँदैन, तर अनवरत रूपमा लक्ष्यप्राप्तिको लागि पछ्याउँदै आएको भने छ । कोषको कामको विश्लेषण गर्दा कोषले भनेसरह नै कार्यप्रगति त देखिदैँन, यद्यपि केही नभएको अवस्था पनि होईन । लक्ष्यप्राप्तिको लागि यसले प्रतिव्यक्ति बेरोजगारयुवालाई अधिकतम रू. २ लाखले बढीमा २५ जनाको समूहलाई अधिकतम रू. ५० लाख प्रदान उपलब्ध गराउँदै आएको छ । जुन कार्यक्रम सफलतातर्फ सहानीय नै देखिन्छ ।

मूलतः कोषले पनि बैङ्क तथा वित्तीयसंस्थाहरूको कूल लगानीमध्ये विपन्नवर्ग कर्जान्तर्गत ३.५ प्रतिशतले थोककर्जा लिने गर्दछ । यसले बैङ्कको स्तरानुसार क्रमशः वाणिज्यसँग कूल लगानीको ५, विकास बैङ्कसँग ४प्रतिशत ४र फाईनान्ससँग ५. रकम कोषलाई उपलब्ध गराउनुपर्ने नेपाल राष्ट्र बैङ्कको प्रावधानबमोजिम प्राप्त ऋणरकम कोषले पुनः बैङ्क तथा सहकारीमार्फत् २ किस्तामा वार्षिक ५.५ प्रतिशतका दरले प्रवाह गर्दै आएको छ । यसले पुँजीको गतिशीलता कायम गरिरहेको देखिन्छ ।

सरकारले उद्यमशीलताको विकाससँगै गरीबीन्यूनिकरणको लागि भनेर स्थापना गरिएको युवास्वरोजगारकोषले अपेक्षाकृत उपलब्धि तत्कालै पूरा गर्न नसकेतापनि कोषको गरीबीनिवारणमा सहयोग पुर्याउने र वैदेशिकरोजगारमा रहेका युवापुस्तालाई स्वदेशमै फर्काउने एवम् जाने चाहना राखी पासपोर्टको लाईनमा रहेका युवापंक्तिलाई पनि स्वरोजगारकोषको ढोकासम्म पुर्याउन सकिने केही यस्ता आधार प्रस्तुत गरेको छ, जुन सकारात्मक देखिन्छ । कोषको सकारात्मक सैद्धान्तिकपक्ष भनेको बेरोजगारयुवाहरूलाई व्यक्तिगत रूपमा बिनाधितो रू २५लाख र बढीमा २ . जनासम्मको समूहलाई रू. ५० लाखसम्म आवधिकऋण उपलब्ध गराउने, नियमित साँवा र ब्याज बुझाउने 'असल' ऋणीलाई उसले दाखिला गरेको सम्पूर्ण ब्याजको ६० प्रतिशत ब्याजानुदान दिने (फिर्ता), कार्यक्रमान्तर्गत ऋण लिने सबै ऋणी एवम् परियोजनाको अनिवार्य रूपमा बीमा हुने र यस्तो बीमाको प्रिमियमरकम कोषले भुक्तानी दिने, ऋणीको आवश्यकतानुसार निःशुल्क सीपमूलक तथा व्यावसायिकतालिम उपलब्ध गराउनेजस्ता नीतिले वास्तवमै कोष आफ्नो उद्देश्यप्राप्तिको लागि दत्तचित्त भएर लागिपरेको सङ्केत देखिन्छ ।

स्वरोजगार सिर्जना गर्न कोषले चालेको पछिल्लो पहलीकदमलाई नजरअन्दाज त गर्न मिल्दैन । यद्यपि आलोचना र थप सुधारात्मकसुझाव भने प्रशस्तै दिन सकिने अवस्थामा छ । विशेषतः बिनाधितोमा ऋण पाईने भनेर सबैतिर लोकप्रियता कमाउन सकेको कोषले कुशल तथा दूरदर्शी नेतृत्व पाउनु महत्वपूर्ण कुरा हो । जुन हालसम्म पाउन सकेको अनुभूति भएको छैन । कोषका नेतृत्वगण र कर्मचारी जागीर आफ्नो )

को लागि मात्रै काम गरेको देखिँदा यसले लिनुपर्ने गति (रोजगार नलिएको देखिन्छ । कोष हालयुवा तथा खेलकुद मन्त्रालयान्तर्गत रहेको हुँदा, यसलाई सरकारको स्वामित्वसहितको पब्लिक कम्पनीमा परिणत गर्दा अझ यसको प्रभावकारी बढ्नसक्ने देखिन्छ । बैङ्किङ्गप्रणाली अन्तर्गत विभिन्न शाखाहरूमार्फत् स्वायत्तसंस्थाको रूपमा अगाडि बढाउँदा कोषको निर्दिष्टलक्ष्य हासिल हुने अपेक्षा गर्न सकिन्छ । यसरी नेपाल टेलिकम, राष्ट्रिण वाणिज्य बैङ्कजस्तै सरकारी स्वामित्वको प्रतिष्पर्धात्मकसंस्थाको रूपमा अगाडि बढाउने, रोजगारी गरिरहेका कर्मचारीहरूलाई समेत 'स्वरोजगार'मा परिणत गर्न शेयर निष्काशन गर्ने, नेपाल सरकारले सञ्चालन गरिरहेको 'सामी'परियोजनाको ठाँउमा 'स्वरोजगार नेपाल अभियान' पदस्थापन गर्ने कार्य अविलम्व कार्यान्यवन गरे नारामा मात्रै सीमित स्वरोजगारकार्यक्रमले त सार्थकता पाउने नै थियो साथै, राष्ट्रियतामाथि युवाहरूको वितृष्णासमेत घट्ने थियो । यसले पेशागत सुरक्षा कायम गर्ने थियो, १६ वर्षको कलिलो उमेरसँगै नागरिकता पाउने वित्तिकै पासपोर्ट बनाउनुपर्ने युवाका बाध्यता पनि हट्ने थियो । युवाहरूले पनि खाडीमा कारिन्दाको हैसियतमा रगत बगाउनुभन्दा स्वदेशमै मालिकको हैसियतमा पसिना बगाएर स्वरोजगार हुनु उचित देखिन्छ । तसर्थ युवापंक्तिले पासपोर्ट होईन नागरिकता बोकेर परियोजनाको प्रस्तावसहित कोषको सचिवालयमा धाउँदा सबैको कल्याण हुनेमा अशावादी हुनेछ । आशा गरौं अबको सरकार, कर्मचारीहरूको यसमा ध्यान जानेछ र, बेरोजगारीअवस्था सिधैं कृषिजन्य उत्पादक स्वरोजगारीमा परिणत हुनेछ र, सम्वृद्धनेपालले छिमेकीलाई छिमेकीकै पुनर्परिभाषा '२ ढुङ्गाबीचको तरूल'बाट '२ सर्पबीचको गरूड' भन्ने वाक्याक्षलाई प्रमाणित गर्नेछ ।

## स्वरोजगार कोषद्वारा ब्याज अनुदान र कर्जा व्यवस्थापन शीर्षकमा पहिलोचौमासिकमा मात्रै करीब १२ लाखको वितरण

युवा स्वरोजगार कोषले पहिलो चौमासिकमा ३ वटा सहकारीसंस्थाका ३७ असलव्यवसायीहरूलाई ६ लाख २५ हजार ४ शय ५६ रूपैयाँ प्रदान गरेको छ ।

कोषले सल्यान जिल्लाको चेतना सामाजिकउद्यमी सहकारीसंस्थाका ७ जना, कैलालीको दिगो सामुदायिक तथा वातावरणसंरक्षण बहुउद्देश्यीय सहकारीसंस्थाका १३ र धनुषाको रोयल बचत तथा ऋण सहकारीसंस्थाका १७ जनालाई ब्याज अनुदान वापत रकम भुक्तानी गरेको हो ।

त्यस्तै सोही अवधिमा २१ सहकारीसंस्थाका १ हजार १ शय १५ व्यवसायी वापत ५ लाख ५७ हजार ५ शय रूपैयाँ वितरण गरेको हो । कार्यक्रम प्रवर्द्धन शाखाका अधिकृत चण्डीराज नेपालले तयार गर्नुभएको हिसाबविवरणानुसार शाखाप्रमुख लोकबहादुर खड्काले सिफारिससाथ निर्णयार्थ उपाध्य अनीलराज पौडेलसमक्ष पेश भएपछि सोको निर्णय भई रकम सम्बन्धित संस्था र व्यवसायीको खातामा जम्मा भएको छ ।

स्वरोजगार कार्यक्रम सञ्चालन गरेवापत प्रतिव्यवसायी जनही ५ शयका दर कर्जा व्यवस्थापन शुल्क सम्बन्धित संस्थालाई र ऋण लिने व्यवसायीहरूले नियमित रूपमा साँवा-ब्याज भुक्तानी गरे असलव्यवसायीस्वरूप कोषले ब्याजको ६० प्रतिशत ब्याज फिर्ता दिने प्रावधानबमोजिम उक्त रकम वितरण गरेको हो ।

चालु आ. व. मा कोषले १ हजार १ शय १५ जना ऋणीबराबर रू. ५ लाख ५७ हजार ५ शय कर्जा व्यवस्थापन शुल्क र १ शय २३ असल ऋणीहरूलाई रू. १९ लाख ६३ हजार २ शय ३२ रकम भुक्तानी गरेको छ ।

## स्वरोजगार कोषले १९ जिल्लामा अनुगमन सकायो

युवा स्वरोजगार कोषले स्वरोजगार कार्यक्रममा आवद्ध भएकाहरूमध्ये १९ जिल्लास्थित बैङ्क, वित्तीय तथा सहकारीसंस्थाको स्थलगत अनुगमन गरेको छ । चालू आवको मङ्सिर महिनासम्म कोषसँग सम्झौता गरी थोककर्जा लगेका सहकारीसंस्थाको अनुगमनकार्य सम्पन्न गरेको हो ।

स्थलगत अनुगमनमा कोषका उपाध्यक्ष अनीलराज पौडेलसमेत जानुभएको थियो । १९ जिल्लामा पहिलो र दोस्रोकिस्ता तथा असूली कार्य प्रयोजनको लागि २ शय ६६ संस्थामा करीब  वटा टोलीमार्फत् अनुगमन कार्य सम्पन्न भएको हो ।

## कोषका कार्यकारी उपाध्यक्षबाट जिल्लास्थित सहकारीसंस्थामा निरीक्षण सम्पन्न

युवा तथा साना व्यवसायी स्वरोजगार कोषका कार्यकारी उपाध्यक्ष श्री अनिलराज पौडेलज्यूबाट गत कात्तिक र मंसिर महिनामा कोषबाट कर्जा लगानी भएका दोलखा, सिन्धुली, महोत्तरी, धनुषा र कास्की जिल्लाहरुमा निरीक्षण तथा अवलोकन भ्रमण गर्नुभएको थियो । अवलोकन भ्रमण निरीक्षणको मुख्य उद्देश्य कोषले लगानी गरेका संस्थाहरुको अवस्था, लगानीको प्रभाव, लगानी असुलीमा देखिएका समस्याहरु, कोषप्रति संस्था एवं कर्जाग्राहीहरुको धारणा एवं गुनासाहरु र कोषले सुधार गर्नुपर्ने विषयहरुमा सहकारी संस्थाका पदाधिकारीहरुको सुझाव के रहेको छ भन्ने सुन्ने बुझ्ने थियो ।

उपाध्यक्षले निरीक्षणको क्रममा दोलखा जिल्ला जिरीस्थित एकिकृत फ्रेण्डशीप सहकारीसंस्था र दोलखाको मैनापोखरीस्थित जनमुखी बचत तथा ऋण सहकारीसंस्था, सिन्धुली जिल्लास्थित महाभारत कृषक सहकारीसंस्था र हातेमालो सानाकिसान कृषि सहकारीसंस्था, महोत्तरी जिल्लास्थित सहयोगात्मक कृषि सहकारीसंस्था र सहयोगात्मक घरेलु बचत तथा ऋण

सहकारीसंस्था, धनुषास्थित रोयल बचत तथा ऋण सहकारीसंस्था र नमूना बचत तथा ऋण सहकारीसंस्था र कास्की जिल्लास्थित उद्यमी कृषक सहकारीसंस्थाहरुको निरीक्षण भ्रमण गर्नुभएको थियो । सहकारीसंस्थाको पदाधिकारी तथा सदस्यहरुसँग कोषबाट गरिएको सुलभकर्जा उद्देश्यबमोजिम लक्षितवर्गमा पुगे नपुगेको, स्वरोजगारकर्जाग्राहीहरुले व्यवसायलाई निरन्तरता दिए नदिएको तथा कर्जाको सदुपयोगिता भए नभएको सम्बन्धमा छलफल गरिएको थियो । साथै निरीक्षणको क्रममा संस्थाका पदाधिकारीहरुबाट बीमा दाबी भुक्तानी अझसम्म हुन नसकेको र व्याज अनुदान फिर्तामा ढिलाई भईरहेको, कोषबाट प्रदान गरिएको कर्जा रकम अपुग भएको, समयमा द्रोस्रोकिस्ता उपलब्ध हुन नसकेको र अनुगमन नभएको जस्ता विषयहरु उठाएका थिए ।

संस्थाका पदाधिकारी तथा व्यवसायीहरुबाट समानखालका समस्याहरु दर्शाएको र उक्त समस्याहरुको समाधानको लागी कोष निरन्तर रुपमा अगाडी बढी रहेको कोषका उपाध्यक्षले जानकारी गराउनुभएको थियो ।

भ्रमणका क्रममा सरोकारवाला निकायका प्रमुख पदाधिकारीहरु, सिन्धुली जिल्लाका प्रमुख जिल्ला अधिकारी, सिन्धुली उद्योग वाणिज्य संघका अध्यक्ष, वर्दिवास नगरपालिकाका प्रशासकीय अधिकृत, धनुषा बचत तथा ऋण संघका अध्यक्षलगायतसँग कोषको काम कार्वाही सम्बन्धमा छलफल भएको थियो ।


स्वरोजगार सन्देशको लागि....

संरक्षक
माननीय बब्लु गुप्ता
मन्त्री, युवा तथा खेलकुद

सल्लाहकार
अनिलराज पौडेल
उपाध्यक्ष
सुदीप सिल्वाल
शाखाप्रमुख, प्रशासन तथा सूचना प्रविधि

प्रधानसम्पादक
लोकबहादुर खड्का
शाखाप्रमुख, कानुन तथा कार्यक्रम प्रवर्द्धन

कार्यकारीसम्पादक
धीरज अधिकारी
सूचनासहायक

प्रकाशन
युवा तथा साना व्यवसायी स्वरोजगार कोष
कोपुण्डोल, ललितपुर ।
फोन ०१ ५१०२७८२/८८
ईमेल: info@ysef.gov.np
www.ysef.gov.np


तपाईंहरूका सुझाव, रचना तथा स्वरोजगार कोषसँग सम्बन्धित लेख एवम् सामाग्री भए तलको ई-मेल ठेगाना koshkosuchana@gmail.com मा पठाउन सक्नुहुनेछ ।